**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यसभामा 'अपरेसन सिन्दूर' माथिको बहसका क्रममा सरकारको धारणा स्पष्ट रुपमा प्रस्तुत गरेकोमा केन्द्रीय मन्त्री जेपी नड्डाको प्रशंसा गर्नुभयो।

२. गृहमन्त्री अमित शाहले नरेन्द्र मोदी सरकारको नेतृत्वमा जम्मु–कश्मीर आतंकवादमुक्त हुने बताउनु भएको छ।

३. बैंकिंग कानून (संशोधन) अधिनियम-2025, एक अगस्त देखि लागू हुनेछ।

४. इसरो र नासाको सहयोगमा विकसित गरिएको उपग्रह निसारलाई श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट सफलतापूर्वक प्रक्षेपण गरिएको छ।

५. अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले आगामी अगष्ट १ देखि भारतमाथि २५ प्रतिशत शुल्क लगाउने घोषणा गरेपछि भारतले द्विपक्षीय व्यापारमा ध्यान दिएको छ।

**<u>नड्डा- ऑपरेशन सिंदूर</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यसभामा 'अपरेसन सिन्दूर' माथिको बहसका क्रममा सरकारको धारणा स्पष्ट रुपमा प्रस्तुत गरेकोमा केन्द्रीय मन्त्री जेपी नड्डाको प्रशंसा गर्नुभयो। प्रधानमन्त्री मोदीले भन्नुभयो केन्द्र सरकारले पहलगाम आतंकवादी हमलाको पूर्ण जोडका साथ जवाफ दिएको छ। यसअघि राज्यसभामा 'अपरेशन सिन्दूर' माथिको बहसका क्रममा सदनका नेता जगतप्रकाश नड्डाले २०१४ अघिको दशक र २०१४ पछिको दशकबीच साहसिक तुलना गर्दै राष्ट्रिय सुरक्षा, सैन्य प्रतिक्रिया र राजनीतिक इच्छाशक्तिमा भारतको 'सशक्त रूपान्तरण' को कुरा गर्नुभएको थियो।केन्द्रीय मन्त्रीले भन्नुभयो अपरेशन सिन्दूर सटीकता र शक्तिको साथ गरिएको थियो। जसको फलस्वरुप बहावलपुर, सियालकोट र मुजफ्फराबादसहित नौ वटा आतंकवादी शिविर २२ मिनेटमै ध्वस्त पारिएको थियो। यसका साथमा पहलगाम आतंकवादी हमलाका मुख्य अपराधीहरूलाई अपरेशन महादेव र अपरेसन सिन्दूरको माध्यमबाट समाप्त गरिएको श्री नड्डाले सदनमा बताउनुभयो।

**<u>गृह मंत्री</u>**

गृहमन्त्री अमित शाहले नरेन्द्र मोदी सरकारको नेतृत्वमा जम्मु–कश्मीर आतंकवादमुक्त हुने बताउनु भएको छ। पहलगाम आतंकवादी हमलाको जवाफमा भारतको बलियो, सफल र निर्णायक अपरेशन सिन्दूरमाथि राज्यसभामा भएको छलफलको जवाफ दिंदै गृहमन्त्रीले आतङ्ककारीहरूविरुद्ध कडा कारबाही गरिने र आतङ्कवादी संरचनालाई ध्वस्त पारिने बताउनु भयो।

बाइट

यस्तै लश्कर-ए-तैयबाको मुख्यालय ऑपरेशन सिंदूरमा ध्वस्त भएको बताउदै श्री शाहले उनीहरूलाई पठाउनेहरू र गोली हान्नेहरू पनि मारिएको बताउनुभयो। श्री शाहले भन्नुभयो एक किसिमले अपरेशन महादेव र अपरेशन सिन्दूरलाई मिलाएर हेर्दा विश्वका सबै आतंकवादी आक्रमणको सबैभन्दा सही, सशक्त र शीघ्र प्रतिक्रिया माननीय प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतका सुरक्षा बलले दिएका छ। गृहमन्त्रीले पहलगाम आतंकवादी हमलामा संलग्न तीन आतङ्ककारीलाई मारिने अपरेशन महादेवको सफलतामा सशस्त्र

बल र सुरक्षा एजेन्सीहरूको भूमिकाको प्रशंसा गर्नुभयो।

बाइट

**पीएम किसान किश्त**

प्रधानमंत्री किसान सम्मान निधि योजनाको 20ओ किस्ती आगामी शनिवार जारी गरिनेछ। यस सम्बन्धमा हिज नयाँ दिल्लीमा कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानको अध्यक्षतामा एक उच्चस्तरीय बैठक सम्पन्न भयो जसमा कार्यक्रमको तैयारिहरुको समीक्षा गरियो अनि यो सुनिश्चित गरियो कि यसको लाभ अधिकतम कृषकहरुसंम पुग्न सकोस्। कार्यक्रमको नेतृत्व प्रधानमंत्री नरेन्द्र मोदीले उत्तर प्रदेशको वाराणसीमा गर्नुहुनेछ। बैठकमा श्री चौहानले अधिकारिहरुलाई राष्ट्रीय, राज्य, जिला अनि ग्राम स्तरमा कृषकहरुलाई यस कार्यक्रम सित जोड़ने निर्देश दिनुभयो। उहाले यस कार्यक्रमलाई एक राष्ट्रव्यापी अभियानको रूपमा आयोजित गर्ने आह्वान गर्नुभयो। श्री चौहानले देशभरिकै कृषकहरुसित यस कार्यक्रममा भाग लिने आग्रह गर्नुभयो। कृषि मंत्रीले भन्नुभयो कि प्रधानमंत्री मोदीको नेतृत्वमा , यस योजना अंतर्गत कृषकहरुलाई तीन किश्तीमा 6 हज़ार रुपियाँ हस्तांतरित गरिँदैछ। प्रत्येक किश्ती 4-4 महिनामा जारी गरिन्छ।

**बिरला-आईआईएस संबोधन**

लोकसभाका अध्यक्ष ओम बिरलाले भारत प्राचीन ज्ञान र आधुनिक आकांक्षाको संगममा उभिएकाले लचिलोपन, नवीनता, समावेशिता र विकासका कथाहरू प्रामाणिकता र इमानदारीका साथ बताउनुपर्नेमा जोड दिनुभएको छ। संसद परिसरमा भारतीय सूचना सेवा आई.आई.एसको २०२३–२४ ब्याचका प्रशिक्षार्थी अधिकारीहरूलाई सम्बोधन गर्दै उनले यस्तो टिप्पणी गर्नुभयो। श्री बिड़लाले भन्नुभयो आईआईएस अधिकारीहरूमा नयाँ भारतको कथा सुनाउने र विश्वको सबैभन्दा ठूलो लोकतन्त्रमा जनताको विमर्शलाई आकार दिने ठूलो जिम्मेवारी काँधमा छ। यसका साथमा श्री बिड़लाले सूचना तीव्र गतिमा फैलिरहेकोले सार्वजनिक बहस र नीतिलाई आकार दिन सक्ने अवस्थामा जनतालाई भरपर्दो सूचना उपलब्ध गराउन अति आवश्यक रहेको बताउनु भयो।

**बैंकिंग कानून संशोधन अधिनियम**

बैंकिंग कानून (संशोधन) अधिनियम-2025, एक अगस्त देखि लागू हुनेछ। यसको उद्देश्य बैंकिंग क्षेत्रमा शासन मानकहरुमा सुधार ल्याउनु अनि जमाकर्ताहरु एवंम् निवेशकहरुका लागि असल सुरक्षा सुनिश्चित गर्नु रहेको छ। वित्त मंत्रालयले भनेको छ कि यस वर्ष 15 अप्रैलमा अधिसूचित यस अधिनियमको उद्देश्य सार्वजनिक क्षेत्रको बैंकहरुमा लेखापरीक्षा गुणवत्तामा सुधार ल्याउनु अनि सहकारी बैंकहरुमा निदेशकहरुको कार्यकाल बढ़ाउनु हो। अधिनियमको प्रावधानहरुको उद्देश्य "पर्याप्त ब्याज" को सीमालाई 5 लाख रुपियाँ देखि बढ़ाएर 2 करोड़ रुपियाँ गर्नु हो। यसले बर्ष 1968 देखि अपरिवर्तित रहेको सीमालाई संशोधित गर्नेछ। यस बाहेक यस प्रावधानले सहकारी बैंकहरुमा निदेशकको कार्यकाललाई 97 ओ संविधान संशोधनको अनुरूप बनाउदछ , जसमा अध्यक्ष अनि पूर्णकालिक निदेशकहरुलाई छोडेर अधिकतम कार्यकाल 8 वर्ष देखि बढ़ाएर 10 वर्ष गरिएको छ

**लोकसभा-मणिपुर**

लोकसभाले मणिपुरमा लागू भएको राष्ट्रपति शासनलाई थप ६ महिनाका लागि बढाउने वैधानिक प्रस्ताव पारित गरेको छ। गृह राज्यमन्त्री नित्यानन्द रायले मणिपुरमा यसै बर्षको फेब्रुअरीमा लागू गरिएको राष्ट्रपति शासनको समयावधि बढाउन सदनको स्वीकृतिका लागि प्रस्ताव पेश गर्नुभएको थियो।

**इसरो-निसार**

नासा-इसरो सिंथेटिक अपर्चर रडार, निसार उपग्रहको हिजो साझ सफलतापूर्वक प्रक्षेपण गरिएको छ। भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आन्ध्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट जीएसएलभी–एफ १६ रकेटबाट प्रक्षेपण गरिएको जनाएको छ।निसार नासा र इसरोको संयुक्त मिसन हो। यसको उद्देश्य पृथ्वीको भूमि र बर्फीला सतहहरूको अध्ययन गर्नु हो। यो एक एल र एस-बैंड, वैश्विक, माइक्रोवेव इमेजिंग मिशन हो, जसमा पूर्ण पोलरिमेट्रिक र इन्टरफेरोमेटिक डेटा प्राप्त गर्ने

क्षमता छ। निसारको अद्वितीय डुअल-ब्यान्ड सिन्थेटिक एपर्चर रडारले उच्च रिजोल्युसन र ठूलो क्षेत्र छविहरू प्रदान गर्दछ। हरेक १२ दिनको अन्तरालमा निसारले विश्वव्यापी भूमि र हिउँले ढाकेका सतहहरू, टापुहरू, समुद्री हिउँ र चुनिंदा महासागरहरूको तस्वीर लिनेछ।

**राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगालको नादिया जिल्लामा स्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान -एम्स, कल्याणीको दीक्षान्त समारोहमा भाग लिनुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले समारोहलाई सम्बोधन गर्दै यस संस्थानबाट स्नातक हुने विद्यार्थीहरूले गरिब र वञ्चितहरूलाई उनीहरूको आवश्यकता अनुसार प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने र एम्स कल्याणीलाई राष्ट्रिय गौरवको विषय बनाउनुपर्ने बताउनु भयो।यस अवसरमा आयुष तथा स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री प्रतापराव जाधव पनि उपस्थित हुनुहुन्थ्यो। उहाँले भन्नुभयो प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा सरकारले देशमा विश्वस्तरीय चिकित्सा सुविधा प्रदान गर्न काम गरिरहेको छ। यसको उद्देश्य भारतभरि किफायती चिकित्सा सेवाहरू प्रदान गर्नु हो।

**पद्म पुरस्कार**

पद्म पुरस्कारहरुको लागि नामांकन अनि अनुशंसाहरुको अंतिम तिथि 15 अगस्त सम्म बढ़ाईएको छ। पुरस्कारहरुका लागि नामांकन केवल राष्ट्रीय पुरस्कार पोर्टलमा ऑनलाइन प्राप्त गर्न सकिनेछ। वर्ष 2026 को लागि पद्म पुरस्कारहरुको घोषणा गणतंत्र दिवस, 2026 को अवसरमा गरिनेछ। यी पुरस्कारहरुमा - पद्म विभूषण, पद्म भूषण अनि पद्म श्री, सर्वोच्च नागरिक पुरस्कार सामेल छन्। यो पुरस्कार विशिष्ट कार्यहरुलाई मान्यता प्रदान गर्नको लागि सबै क्षेत्रहरु अनि विषयहरुमा विशिष्ट अनि असाधारण उपलब्धिहरु तथा सेवाको लागि दिईने गरिन्छ।

**फेडरल रिजर्व**

अमेरिकी फेडरल रिजर्भले राष्ट्रपति डोनाल्ड ट्रम्पको ब्याज कटौतीको मागलाई बेवास्ता गर्दै यस वर्ष पाँचौं पटक आफ्नो ब्याज दरमा कुनै परिवर्तन गरेको छैन। फेडरल रिजर्भको आजको निर्णयपछि फेडले आफ्नो प्रमुख अल्पकालीन दरलाई लगभग ४.३ प्रतिशतमा अपरिवर्तित राखेको छ। फेडरल रिजर्भका अध्यक्ष जेरोम पावेलले ट्रम्पको उच्च ट्यारिफ नभएको भए फेडरल रिजर्भले पहिले नै कर कटौती गर्ने बताएका छन्।